प्राविधिक शिक्षा तथा व्यावसायिक तालीम परिषद्

# परीक्षा नियन्त्रण कार्यालय

सानोठिमी, भक्तपुरको

## विशेष मौका (आंशिक) परीक्षाको आवेदन फाराम भर्ने सम्वन्धी
## अत्यन्त जरुरी सूचना

(सुचना प्रकाशित मिति २०८०।१०।१० गते)

यस परिषद्का आंगिक, साझेदारी, सामूदायिक विद्यालय र निजी स्तरमा संचालित शिक्षण संस्थाहरुमा शैक्षिक सत्र २०७२/७३ (२०१५ इ.सं) सम्म रजिष्ट्रेशन कायम भएका डिप्लोमा तहका सेमेष्टर परीक्षा प्रणाली अन्तर्गतका प्रथम बर्ष प्रथम खण्ड/दोश्रो खण्ड, दोश्रो बर्ष प्रथम खण्ड/दोश्रो खण्ड, तेश्रो बर्ष प्रथम खण्ड/दोश्रो खण्ड तथा बार्षिक परीक्षा प्रणाली अन्तर्गतका बिभिन्न कार्यक्रमहरुको प्रथम, दोश्रो र तेश्रो वर्षको अन्तिम परीक्षामा अनुत्तीर्ण भएका एवं प्रि-डिप्लोमा तहको हकमा शैक्षिक शत्र २०६५/०६६ देखि २०७४/०७५ सम्म (२०६५ साल देखि २०७४ साल सम्म/२०१७ इ.सं) सम्म रजिष्ट्रेशन कायम भई पाठ्यक्रमले निर्धारण गरेको समयावधि भित्र परीक्षा दिई अनुत्तीर्ण भएका विद्यार्थीहरुको **विशेष मौका (आंशिक) परीक्षा** काठमाण्डौ उपत्यकामा संचालन हुने भएकोले मिति **२०८० साल माघ २४ गते भित्र नियमित शुल्कमा र २०८० साल फागुन ३ गते भित्र विलम्व शुल्कमा** परीक्षा आवेदन फाराम भर्ने म्याद तोकिएको हुंदा सम्वन्धित शिक्षण संस्थाहरुले अनिवार्य रुपमा विद्यार्थीहरुबाट परीक्षा आवेदन फाराम भराई परिषद्का सम्बन्धित प्रदेश कार्यालयहरुमा बुझाउनु हुन यो सूचना प्रकाशित गरिएको छ । **साथै निम्न शर्तहरु पूरा नभएका र तोकिएको समयभित्र आवेदन फाराम नबुझाउने शिक्षण संस्थाका विद्यार्थीहरुलाई परीक्षामा सम्मिलित नगराइने व्यहोरा सम्बन्धित सबैमा जानकारी गराईन्छ ।**

**शर्तहरु :**

१. परीक्षा आवेदन फाराममा उल्लेखित विवरणहरु सबै भरिएको हुनुपर्नेछ। आवेदन फाराममा परीक्षार्थीको हालसालै खिचेको दुबै कान सहित अनुहार प्रष्ट देखिने पासपोर्ट साईजको फोटो टाँसिएको हुनुपर्नेछ ।

२. परीक्षा शुल्क डिप्लोमा/प्रमाणपत्र तहको परीक्षार्थीको हकमा एक सैद्धान्तिक वा प्रयोगात्मक विषयको लागि परीक्षा शुल्क रु. ३००।- र प्रत्येक थप सैद्धान्तिक वा प्रयोगात्मक विषयको लागि रु. १५०।- का दरले नियमित शुल्कमा र बिलम्व शुल्क प्रति विद्यार्थी तोकिएको शुल्कको दोब्वर दस्तुर बुझाउनु पर्नेछ ।

३. परीक्षा शुल्क प्रि-डिप्लोमा तहको परीक्षार्थीको हकमा एक सैद्धान्तिक वा प्रयोगात्मक विषयको लागि परीक्षा शुल्क रु. २००।- र प्रत्येक थप सैद्धान्तिक वा प्रयोगात्मक विषयको लागि रु. १५०।- का दरले नियमित शुल्कमा र बिलम्व शुल्क प्रति विद्यार्थी तोकिएको शुल्कको दोब्वर दस्तुर बुझाउनु पर्नेछ ।

४. परीक्षा आवेदन फारामसाथ **समष्टीगत फारामको प्रमाणित** Printed Copy एक प्रति प्रदेश कार्यालयमा ***र एक प्रति*** Soft Copy ***समेत*** **(Excel 7.0 मा)** प.नि.का.को इमेल diplomareg@gmail.com मा अनिवार्य रुपमा बुझाउनु पर्नेछ ।

५. आन्तरिक मूल्यांकन परीक्षामा उत्तीर्ण परीक्षार्थीहरु मात्र अन्तिम परीक्षामा सामेल हुन पाउने छन । आन्तरिक मूल्यांकन परीक्षामा अनुत्तीर्ण **(NQ)** परीक्षार्थीहरुले अनुत्तीर्ण विषय उल्लेख गरी परीक्षामा सामेल भएमा निजको सो परीक्षा स्वत: रद्द हुने छ । तसर्थ परीक्षार्थीहरुको प्राप्तांक दरखास्त फाराममा अनिवार्य रुपमा उल्लेख गर्नुपर्नेछ । परीक्षार्थीहरुको आन्तरिक मूल्यांकनको प्रमाणित Printed Copy **एक प्रति र** Soft Copy **मा** अनिवार्य रुपमा संलग्न गर्नु पर्नेछ ।

६. अन्य संस्थावाट रजिष्ट्रेशन भएका विद्यार्थीहरुको हकमा उक्त संस्थाको नाम परीक्षा आवेदन फाराममा उल्लेख गर्नुपर्नेछ ।

७. परीक्षा आवेदन फाराम परिषद्, परीक्षा नियन्त्रण कार्यालय तथा परिषद्का प्रदेश कार्यालयहरुबाट उपलव्ध हुनेछ । आवेदन फाराम व्यक्तिगत रुपमा बुझिने छैन । उक्त फाराम सम्बन्धित शिक्षण संस्था मार्फत बुझाउनु पर्नेछ ।

८. सम्वन्धित शिक्षण संस्थाहरुले परीक्षाको आवेदन फारामहरु **मिति २०८० साल माघ २८ गते भित्र नियमित शुल्कमा र २०८० साल फागुन ६ गते भित्र विलम्व शुल्कमा** परीक्षा आवेदन फाराम परिषद्का सम्बन्धित प्रदेश कार्यालयहरुमा अनिवार्य रुपमा बुझाउनु पर्नेछ। म्याद नाघी प्राप्त भएका आवेदन फारामहरु माथी कुनै पनि कारवाही हुने छैन ।

९. शिक्षण संस्थाहरुले सम्बन्धित परिषद्, प्रदेश कार्यालयको देहायको वैक खातामा रकम जम्मा गर्नुपर्नेछ :
(क)प्रा.शि.व्या.ता.परिषद्, कोशी प्रदेश कार्यालय, ईटहरी, सुनसरी: रा.बा.बैङ्क, इटहरी शाखा, च.हि.नं. २५५०१००००१२७८००१
(ख)प्रा.शि.व्या.ता.परिषद्, मधेश प्रदेश कार्यालय, जनकपुर, धनुषा:रा.बा.बैङ्क, जनकपुर शाखा, च.हि.नं. १५२०१००००२६३९००१
(ग)प्रा.शि.व्या.ता.परिषद्,बागमती प्रदेश कार्यालय, मकवानपुर, हेटौडा:रा.बा.बैङ्क, हेटौंडा शाखा, च.हि.नं.१३००१००००३६६९००१
(घ)प्रा.शि.व्या.ता.परिषद्,गण्डकी प्रदेश कार्यालय, पोखरा, कास्की: रा.बा.बैङ्क, पार्दी, पोखरा शाखा, च.हि.नं.३५००१०००००२३४००१
(ङ)प्रा.शि.व्या.ता.परिषद्, लुम्बिनी प्रदेश कार्यालय, बुटवल, रुपन्देही: रा. बा. बैङ्क, बुटवल शाखा, च. हि.नं. ३३६०१०००००३६१००१
(च)प्रा.शि.व्या.ता.परिषद्, कर्णाली प्रदेश कार्यालय, वीरेन्द्रनगर, सुर्खेत: रा.बा.बैङ्क, सुर्खेत शाखा, च.हि.नं. ४०८०१०००१५५२८००१
(छ)प्रा.शि.व्या.ता.परिषद्, सु.प. प्रदेश कार्यालय, धनगढी, कैलाली:रा.बा.बैङ्क, धनगढी शाखा,च.हि.नं. ४१७०१००००६५०८००१
शुल्क जम्मा गरेको सक्कल बैंक भौचर परीक्षा आवेदन फाराम साथ संलग्न गर्नु पर्नेछ ।

१०. परीक्षार्थीहरुको Symbol No. परिषद्को वेवसाइट www.ctevtexam.org.np मा उल्लेख भए अनुसार हुनुपर्नेछ ***र*** Symbol No. राख्दा Numbering Machine मा रातो रङ्गको मसीको प्रयोग अनिवार्य रुपमा गरेको हुनुपर्नेछ ।

११. कुनै कारणले शिक्षण संस्था बन्द भएको भए सम्वन्धित परिषद्, प्रदेश कार्यालयमा बिद्यार्थीले शर्तमा उल्लेखित प्रक्रिया गरी परीक्षा आवेदन फाराम बुझाउनु पर्नेछ ।

१२. अन्य विस्तृत जानकारीको लागि www.ctevtexam.org.np र परिषद्का प्रदेश कार्यालयहरु वा परीक्षा नियन्त्रण कार्यालय, सानोठिमी, भक्तपुरमा सम्पर्क राख्नुहोला ।

**यो सूचना www.ctevtexam.org.np मा पनि हेर्न सकिनेछ ।**

**परीक्षा नियन्त्रक**